सिविन–नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित



# बाल सरोकार

Child Concerned

नेपाली मासिक ई–पत्रिका

वर्ष २, अंक ११, भाद्र २०६५, काठमाण्डौ

## यस अंकमा......

१. सम्पादकीय

२. प्राकृतिक विपत्ति र बालबालिका

३. नेपालमा बालअधिकारको स्थिति

४. समाचार

## महिनाको तस्वीर...



आमा, बाबु दुवै मेरा गए मेलापातमा
आफू भने बस्नु पर्छ बोकी भाइलाई साथमा ।

✍ *सम्पादकीय :*

# विद्यालयलाई शान्ति क्षेत्र बनाऔं

देशमा शान्त र सुरक्षित वातावरण होस् भन्ने सबैको चाहना हो । तर पनि देशको वर्तमान संक्रमणकालीन अवस्थामा विभिन्न रूपमा विरोध, विद्रोह भइरहेका छन् । केही आपराधिक हिंसात्मक गतिविधिहरू पनि भइरहेका छन् । वयस्कहरूका माग पूर्तिका लागि गरिने कुनै विरोध होस् वा सशस्त्र द्वन्द्वबाट बालबालिकालाई कुनै पनि ढङ्गले प्रभावित पार्नु बालअधिकार विरोधी कार्य हो । लडाइँ झै–झगडा होस् वा प्राकृतिक प्रकोप जुनसुकै अवस्थामा पनि बालबालिकाको संरक्षणलाई प्राथमिकता दिनुपर्छ । भनिन्छ, बालबालिका हाम्रा भविष्य हुन् तर तिनीहरूलाई वर्तमानमा नै संरक्षण गर्न नसकिएमा भविष्य कसरी सुन्दर हुन सक्दछ ? तसर्थ बालबालिकाले ज्ञान आर्जन गर्ने थलो विद्यालयलाई सुरक्षित बनाउनका लागि शान्ति क्षेत्र घोषणा गरिँदै आएको छ ।

विद्यालय शान्ति क्षेत्र भएका कारण विद्यालय क्षेत्रमा कुनै पनि खालको हिंसा प्रतिहिंसा लगायत सशस्त्र द्वन्द्वसँग सम्बन्धित गतिविधि एवम् प्रत्यक्ष सत्ता राजनीति सम्बन्धी क्रियाकलापहरू सञ्चालन गर्न बन्द गरिनुपर्दछ । कुनै पनि समूहको स्वार्थपूर्तिका लागि बालबालिकाको शैक्षिक निरन्तरतामा बाधा सिर्जना गरिनु हुँदैन । अतः मूलतः विद्यालयलाई शान्तिक्षेत्र बनाई बालबालिकालाई सुरक्षित बनाउन निम्न कुराहरूको सुनिश्चितता गरिनु पर्दछ । त्यसको लागि विद्यालयलाई कुनै पनि बहानामा सशस्त्र द्वन्द्वमा प्रयोग गर्नु हुँदैन, विद्यालय हातामा बम तथा विस्फोटक पदार्थ नबिछ्याउने, विद्यालयबाट कुनै पनि शिक्षक, विद्यार्थीलाई अपहरण नगर्ने, यातना नदिने, विद्यालय क्षेत्रमा बालबालिकालाई त्रसित पार्ने किसिमका सशस्त्र एवं हिंसात्मक कार्य नगर्ने, विद्यालय हातामा हतियारधारी व्यक्ति तैनाथ गर्ने, क्याम्प खडा गर्ने वा सैनिक प्रयोजनका निम्ति उपयोग गर्ने जस्ता कार्यहरू नगर्ने, विद्यालयलाई बालबालिकाको सर्वोपरी हित विपरीत उनीहरूको शिक्षा, स्वास्थ्यमा असर पर्ने एवम् जीवन जोखिममा पर्ने जस्ता कामहरू नगर्ने प्रत्यक्ष सत्ता राजनीति सम्बन्धी गतिविधिबाट मुक्त गर्ने, राजनीतिक क्रियाकलापका लागि विद्यालय बन्द नगर्ने, विद्यालयलाई प्रयोग नगर्ने, जस्ता अभियानका साथ हाल देशका विभिन्न भागहरुमा विभिन्न संस्थाहरुद्वारा विद्यालयलाई शान्ति क्षेत्र बनाउने राष्ट्रिय अभियान सुरु भइरहेको छ । यसै क्रममा हाल सशस्त्र समुह लगायत विभिन्न समुहले चर्काएका द्वन्द्वकाकारण आक्रान्त तराईका विभिन्न जिल्लाहरु जस्तै, सप्तरी, सुनसरी, सिराह, सर्लाही, रौतहट, महोत्तरी, धनुषा र बारामा यो अभियानलाई युनिसेफ र सिविन नेपालले सञ्चालन गरिरहेको छ । हामी सबैले विद्यालयलाई शान्ति क्षेत्रका रुपमा अगाडि बढाउनुपर्दछ । ❐



# बाढीले ल्याएको बिनाश र बालबालिकामा असर

सप्तकोशीको तटबन्ध फुटेर आएको बाढीका कारण विस्थापितहरुलाई राहत तथा अन्य अत्यावश्यक मानवीय सेवा पुऱ्याउने कार्यमा अहिले विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु क्रियाशील रहेका छन् ।

सुनसरीको सप्तकोशी बाँध फुटेर भएको डुबानका कारण त्यस क्षेत्र र आसपासका करिब ८० हजार भन्दा बढी मानिसहरु विस्थापित भएको अनुमान गरिएको छ । डुबानबाट सबैभन्दा बढी महिला, बृद्ध र बालबालिका प्रभावित भएका छन् । बाढीका कारण डुबानमा परेका सुनरीका श्रीपुर, हरिपुर, पश्चिम कुशाहा, धुस्की, मधुवन लगायतका क्षेत्रको जनजीवन प्रभावित भएको हो । बाढीबाट उद्धार गरिएका हजारौं विस्थापितहरुलाई हाल यी क्षेत्रका विभिन्न स्थानहरुमा खडा गरिएको २१ वटा शिविरमा राखिएको छ । उक्त शिविरहरुमा झण्डै १५ हजार भन्दा बढी बालबालिका रहेको प्रारम्भिक अनुमान गरिएको छ । ती शिविरहरुमा अधिकांश १० वर्षभन्दा कम उमेरका बालबालिकामा रहेको सिविन हेल्पलाइन विराटनगरले जनाएको छ । शिविरहरु विद्यालय क्याम्पस तथा अन्य सार्वजनिक भवनहरुमा राखिएको छ । विस्थापित परिवारलाई एउटा शिविरमा दुई हजारदेखि ३५ सयसम्म राखिएको छ । जुन अव्यवस्थित रहेको छ भने विस्थापितहरुको अवस्था कहालीलाग्दो रहेको छ ।

विस्थापितहरुलाई खाना तथा अन्य अत्यावश्यकीय सामग्रीहरु विभिन्न व्यक्ति, संस्था, स्कूल, सरकारी तथा गैरसरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायबाट प्राप्त भइरहेको छ । यद्यपि, ती सहयोगहरुलाई समेत व्यवस्थापन र वितरण गर्न समेत निकै नै कठिनाइ भएको छ ।

शिविरमा खानेपानी तथा शौचालयको प्रमुख समस्या रहेको छ भने कतिपय बालबालिकालाई लगाउने कपडा समेत उपलब्ध हुन सकिरहेको छैन । त्यसो त कतिपय शिविरमा पर्याप्त राहत सामग्री पुग्न नसक्दा त्यहाँ राखिएका विस्थापितहरुको जीवन अझै कष्टकर बन्दै गएको छ । कतिपय शिविरमा विस्थापितहरुका लागि औषधी उपचार गर्न स्वास्थ्य शिविरहरु पनि सञ्चालनमा रहेका छन् । यद्यपि, सबै क्षेत्रमा औषधि उपचार पुग्न सकेको छैन ।

हालसम्म विस्थापितहरुको आधिकारिक तथ्याङ्क सार्वजनिक भएको छैन । यसको लागि हाल आएर सरकारी स्तरबाट विस्थापितहरुको लगत संकलन गर्ने कार्य भइरहेको छ । उक्त स्थानमा मधेसी मुलुका चौधरी मण्डल, यादव तथा खासगरी मियाँ समुदायको बाहुल्यता रहेको र बालबालिकाको संख्या अधिक रहेको छ । शिविरमा झण्डै २० हजारको हाराहारीमा रहेका बालबालिका मध्ये १ हजार देखि १५ सयसम्म १ वर्षमुनिका बालबालिका रहेको अनुमान गरिएको छ । उक्त सिविरमा बालबालिकाको लागि विशेष सहयोग पुगेको छैन भने भर्खरै जन्मिएका र गभवती महिलाहरुको संख्या पनि उल्लेख्य मात्रामा रहेको छ । उनीहरुको निम्ति आवश्यकीय आधारभूत सेवाहरु समेत पुग्न सकेको छैन ।

बाढीबाट प्रभावित क्षेत्रमा विस्थापितहरुलाई राहत वितरण गर्ने कार्यमा अन्तर्राष्ट्रिय दातृ निकाय सेभ द चिल्ड्रेन, प्लान नेपाल लगायत स्थानीय विभिन्न संस्थाहरु पनि सक्रिय रुपमा लागिरहेका छन् । त्यसको साथै रेडक्रसले पनि विस्थापितहरुलाई मानवीय र भौतिक सेवा उपलब्ध गराउँदै आएको रेडक्रसका अधिकृत विनोद ढुङ्गानाले बताउनुभयो । शिविरमा रहेका विस्थापितहरुलाई हाल राहत उपलब्ध भएतापनि उनीहरुलाई विभिन्न खालका आधारभूत समस्याहरु पनि देखा परेको छ । खासगरी उचित शौचालयको अभाव, प्राथमिक स्वास्थ्य उपचारको कमी तथा एउटै शिविरमा धेरै संख्यामा विस्थापितहरुलाई राखिएको हुँदा उनीहरुमा विभिन्न खालका स्वास्थ्य समस्याहरु पनि देखा पर्न थालेका छन् । खासगरी सुत्केरी महिला,शिशु तथा बालबालिकालाई सर्दी, ज्वरो, टाउको दुख्ने तथा पखाला रोग समेत लाग्न सक्ने खतरा रहेको रेडक्रसले जनाएको छ ।

शिविरमा रहेका बालबालिकामा उचित खाना तथा सरसफाइको अभावका कारणले ज्वरो, झाडापखला, पेटको समस्या, निमोनिया, रुघा, खोकी, घाउ खटिरा जस्ता रोगहरु देखा परेका छन् । ती बालबालिकाको संरक्षणको लागि आवश्यकीय खाद्य सामग्री तथा लत्ता कपडा तथा अन्य मानवीय भौतिक सेवाहरु उपलब्ध गराउनु तत्कालको आवश्यकता हो ।

बाल सरोकार डेक्स

# नेपालमा बालसंरक्षणको सवाल अझै गम्भीर

विगत ६ महिनामा घटेका यौनशोषणका ७५ वटा घटनाहरु मध्ये बलात्कारका शिकार हुनेहरुमा ६४ प्रतिशत १६ वर्षमुनिका बालबालिका भएको पाइएको छ । यसैगरी झण्डै ९ प्रतिशत भने हाडनाता करणीको शिकार भएको पाइएको छ । सिविन नेपालद्वारा हालै राजधानीमा सार्वजनिक गरिएको सन् २००८ को जनवरीदेखि जुनसम्मको "नेपालमा बालअधिकारको स्थिति–२००८" नामक अर्ध वार्षिक प्रतिवेदनले यस्तो देखाएको हो । प्रतिवेदनका अनुसार यस वर्षको ६ महिनाको अवधिमा मानव ओसारपासार सम्बन्धी रेकर्ड भएका १२१ वटा घटनामा मध्ये २८ प्रतिशत १६ वर्षमुनिका बालबालिका रहेको पाइएको छ ।

बालबालिकामाथि परिलक्षित विभिन्न खालका दुर्व्यवहार, हत्या र घरेलु हिंसा लगायतका ४ सय ३२ वटा घटनाहरु मध्ये १६ प्रतिशत घटनामा बालबालिकालाई विद्यालयमा शारीरिक तथा मानसिक यातना दिइएको पाइएको छ । "यो अत्यन्त गम्भीर घटना हो, अझैसम्म पनि विद्यालय जस्तो पवित्र स्थानमा विद्यार्थीमाथि यातनाका श्रृंखलाहरु बढिरहेका छन् । यस्ता घटनाहरुबाट बालअधिकारप्रति हामी अझैपनि आवश्यकीय रुपमा संवेदनशील हुन सकेका छैनौ भन्ने कुरा प्रष्ट हुन्छ"–प्रतिवेदन सार्वजनिक कार्यक्रममा सिविनका महासचिव तारक धितालले बताउनुभयो ।

प्रतिवेदनकाअनुसार यस अवधिमा ५५ जना बालबालिका जेलमा रहेका प्रकाशमा आएको छ । जसमध्ये ४९ जना बालबालिका आमाबाबु जेलमा रहेका कारण त्यहाँ बस्न बाध्य छन् भने, ६ जना बालबालिकालाई चोरीको अभियोगका कारण जेलमा राखिएको देखिएको छ ।

हाम्रो समाजमा विभिन्न कारणले बालबालिका हराउने गरेका छन् । यस अवधिमा १ सय २६ जना बालबालिका हराएका घटना रेकर्ड गरिएको छ भने, ३८ जना बालबालिका अपहरणमा परेको प्रतिवेदनमा उल्लेख गरिएको छ । यस आधारमा प्रतिमहिना झण्डै ६ जना बालबालिकाको अपहरण हुने गरेको देखिएको छ ।

तराईमा भइरहेको विभन्न खालका हिंसात्मक द्वन्द्व, बन्द, हड्तालका कारण पनि विद्यालय बन्द हुँदा बालबालिका पढ्न पाउने अधिकारबाट वन्चित भएको समेत प्रतिवेदनमा उल्लेख गरिएको छ । सशस्त्र द्वन्द्वको औपचारिक अन्त्य भएतापनि ६ महिनाको यस अवधिमा पटक–पटकका बन्द हडतालले विद्यालयहरु नियमित रुपमा संचालन हुन सकेनन् भने विद्यालयमा ल्याएर खेलाएको बम पड्किदा १ शिक्षक सहित ३ जना बालबालिका सख्त घाइते भएको समेत उक्त प्रतिवेदनमा उल्लेख गरिएको छ ।

प्रतिवेदनका अनुसार सरदर महिनामा १६ जना गरी जम्मा ९९ जना बालबालिकालाई विभिन्न संघ–संस्थाद्वारा धर्मपुत्रपुत्रीको रुपमा प्रदान गर्न सकिने कुरा सार्वजनिक भएको पाइएको छ । विविध दुर्घटनामा परेर बालबालिकाले ज्यान गुमाउने क्रम बढेको छ । यस अवधिमा विविध दुर्घटनामा परेका २५२ जना बालबालिका मध्ये झण्डै ५९ प्रतिशत बालबालिकाको मृत्यु भएको प्रतिवेदनमा उल्लेख छ ।

बालसंरक्षण प्रदान गर्ने भनेर खोलिएका बालगृहहरुमा उचित व्यवस्था नभएका कारण २५ जना बालबालिकालाई उद्धार गरी संरक्षण प्रदान गरिएको समेत प्रतिवेदनमा उल्लेख गरिएको छ ।

नेपालमा बालअधिकारको संरक्षण र त्यसको उल्लंघनको स्थिति र प्रबृत्तिका बारेमा अनुसन्धानात्मक प्रतिवेदन तयार गरी सार्वजनिक जानकारीको निम्ति प्रकाशित गर्ने उद्देश्यले सिविन–नेपालले विगत १२ वर्षदेखि नेपाली बालबालिकाहरुको अधिकारको स्थितिबारे वार्षिक र आवधिक प्रतिवेदन प्रकाशित गर्दै आइरहेको छ । प्रस्तुत प्रतिवेदनमा पनि सन् २००८ जनवरी १ देखि ३० जून अर्थात् विगत ६ महिनामा प्रकाशित राष्ट्रिय अनुसन्धान प्रतिवेदन, तथ्याङ्क, पत्रपत्रिकाहरुको संकलित सूचना र सिविनद्वारा संचालित बाल हेल्पलाइन नेपाल १०९८ तथा सिविन हेल्पलाइन विराटनगर,हेटौडा,नेपालगञ्ज, सिविन पोखरा लगायत सिविनले करिब ३५ वटा जिल्लाहरुबाट प्राप्त गरेका प्रत्यक्ष स्थलगत प्रतिवेदन तथा स्थलगत भ्रमणहरुबाट संकलित सूचना र तथ्याङ्कहरु समावेश गरिएका छन् ।

नेपालले सन् १९९० मा संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धिलाई अनुमोदन गरेपश्चात बालअधिकारसम्बन्धी गतिविधिहरुमा व्यापकता आएको हो । यद्यपि, समाजका जागरुक मानिसहरु तथा

बालबालिका स्वयंले बालअधिकारहननको विरुद्ध निरन्तर आवाज उठाइरहेता पनि सरकारले बालबालिको उच्चतम हित र संरक्षणको सवालमा आफ्नो कर्तव्य पूरा गर्न सकेको छैन ।
गत वर्षहरुमा झैं यस वर्षको ६ महिनामा पनि सिविनले बालश्रमशोषण, बालमृत्यु, हराएका बालबालिका, बालदुर्व्यवहार, बालदुराचार, बालयौन शोषण र दुराचार, बालबालिकाको ओसारपसार, जबरजस्ती देहव्यापार, द्वन्द्वमा परेका बालबालिका र बालबिजाँइ लगायत सम्बन्धी जम्मा ३ हजार ५ सय ८४ वटा घटनाहरु रेकर्ड गरेको छ । जसमा बालबालिकाको संरक्षणको बिषय अत्यन्त गम्भीर देखिएको छ ।

नेपालमा प्रत्येक वर्ष हजारौं बालबालिकाको विभिन्न खालका सरुवा रोगका कारण मृत्यु हुने गरेको छ । यस अवधिमा ३४ जना बालबालिकाको विभिन्न खालका सरुवा रोगका कारण प्रभावित भएकामा २६ जनाको मृत्यु भएको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, खानामा विषादीका कारण ४१ जना विरामी भएकामा १९ जनाको मृत्यु भएको थियो । त्यसैगरी अज्ञात रोगका कारण २७ जना प्रभावित भएकामा १३ जनाको मृत्यु भएको थियो । त्यसो त चिकित्सक र प्रहरीको लापरबाहीका कारण पनि एक एक जना बालबालिकाले अकालमै ज्यान गुमाउनु परेको समाचार प्रकाशमा आएको थियो । सरकारले सघन राष्ट्रिय खोप अन्तर्गत देशका सबै जिल्लाका बालबालिकालाई पोलियो थोपा खुवाएको भनेतापनि यसैअवधिमा सप्तरी र धनुषामा २ जना बालबालिकामा पोलियो रोग देखा परेको प्रतिवेदनमा उल्लेख छ ।

सडक दुर्घटना नेपालको मात्रै नभइ संसारकै एक गम्भीर समस्या हो । यसबाट वर्षेनी लाखौं मानिसहरुको मृत्यु हुने गर्दछ । नेपालमा वर्षेनी हुने सडक दुर्घटनाहरुका कारण मात्रै पनि औसत ५ सय बालबालिकाको मृत्यु हुने गरेको छ । दिनहुँजसो सञ्चार माध्यममा सडक दुर्घटनाका घटनाहरु प्रकाशित भएका हुन्छन् । यसबाट बालबालिका नै बढी प्रभावित भएको पाइन्छ । बालबालिकाको हेरविचारमा परिवार, सरकार र समाजको हेलचेक्र्याइका कारण यस अवधिमा २५२ जना बालबालिका विविध दुर्घटनामा परेकामा १४८ जना बालबालिकाको मृत्यु भएको थियो भने, १०० जना घाइते भएका थिए । सडक दुर्घटनाकै कारण अझैसम्म पनि ४ जना बालबालिका वेपत्ता भइरहेका छन् । यसबाहेक बालबालिकाको उचित हेरचाहको अभाव तथा परिवारको गैर जिम्मेवारीका कारण पनि सयौं बालबालिका दुर्घटनामां पर्ने गरेका छन् भने दुर्घटनामा परेका अधिकांश बालबालिका समयमा पर्याप्त उपचार हुन नसक्दा अपाङ्ग हुने गरेका छन् ।

देशमा हरेक वर्ष मनसुनसँगै सुरु हुने बाढी, पहिरो तथा अविरल वर्षाका कारण हुने जलमग्नता तथा आगजनी जस्ता प्राकृतिक प्रकोपका कारण पनि हरेक वर्ष थुप्रै मानिसहरुको मृत्यु वा घाइते हुनुका साथै विस्थापित हुने गर्दछन् । यस्ता प्राकृतिक प्रकोपहरुका कारण बालबालिका बढी मात्रामा प्रभावित हुने गरेका छन् । यस अवधिमा तराई तथा केही पहाडी क्षेत्रमा गएको बाढी, पहिरो, चट्याङ, अविरल वर्षा जस्ता प्राकृतिक प्रकोपका कारण देशका विभिन्न भागमा थुप्रै मानिसहरुको मृत्यु वा घाइते हुन पुगेका थिए । यस अवधिमा पनि प्राकृतिक प्रकोपबाट प्रभावित बालबालिकाका ३६ वटा घटना प्रकाशमा आएकोमा २३ जना बालबालिकाको मृत्यु भएको थियो । प्राकृतिक प्रकोपका कारण नै ९ जना बालबालिका सख्त घाइते भएका थिए भने २ जना बालबालिका अझैसम्म पनि बेपत्ता भइरहेका छन् ।

प्राथमिक विद्यालय लगायत शिक्षाको विभिन्न तहमा छात्रछात्रा दुवैको सहभागिता बढेको देखिन्छ । प्राथमिक विद्यालयमा खुद भर्नादर ८७.४ प्रतिशत पुगेको छ । विद्यालय जाने उमेरका बालबालिका मध्ये छात्राको प्रतिशत ४८, आदिवासी जनजातिको करिब ३८ प्रतिशत, दलितका १८ प्रतिशत र अपाङ्ग १ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, शारीरिक एवं मानसिक अपाङ्गतालाई हाम्रो समाजमा अझै पनि कर्मको फल र अभिशापको रुपमा लिइने गरेको पाइएको छ । बालबालिकाले उचित स्याहार नपाउँदा र पर्याप्त सेवाहरु उपलब्ध नहुँदा कतिपय बालबालिका रोकथाममूलक अपाङ्गताको शिकार बन्न पुगेका हुन्छन् । त्यसैगरी अपाङ्गता भएका बालबालिकाको निम्ति शिक्षाको पहुँच निकै चुनौतीपूर्ण बिषय रहेको छ । नेपालमा कूल जनसंख्यामा विविध किसिमको अपाङ्गता भएका व्यक्तिहरुको प्रतिशत १ देखि ८ प्रतिशतसम्म रहेको अनुमान छ । यस अवधिमा शारीरिक तथा मानसिक अपाङ्गताबाट पीडित १५ जना बालबालिकाको घटना सार्वजनिक भएको थियो ।

हाम्रो समाजमा बालबालिकालाई विभिन्न बहानामा हत्या गर्ने गरिएको समेत पाइएको छ । चाहे त्यो पारिवारिक झगडा होस् वा रिसइवी तथा अन्य कारण नै किन नहोस् बाल बालिकाको हत्या गर्ने गरेका घटना सार्वजनिक हुँदै आइरहेका छन् । प्रतिवेदनका अनुसार, यस अवधिमा यसै कारणबाट २८ जना बालबालिकालाई

हत्या गरिएको थियो । समाजमा बढ्दै गइरहेको विकृति र बालबालिकाप्रतिको जिम्मेवारीपनको कमी जस्ता कारणले गर्दा यस अवधिमा ३७ जना बालबालिकालाई आफ्नै आमाबाबुबाट परित्याग गरिएका थिए । जसको कारण ती बालबालिकाहरु टुहुरा तथा विचल्लीमा परेका थिए । त्यसो त, समाजमा बढ्दै गइरहेको विकृति र बालबालिकाप्रतिको जिम्मेवारीपनको कमी तथा परिवार नियोजनबारे अनभिज्ञता र महिलाको गर्भ निरोधको ज्ञानको अभावको कारण १३ जना नवजात शिशुहरुलाई जन्मिने बित्तिकै निर्ममतापूर्वक हत्या गरी फ्याँकिएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

जोखिम परिस्थितिका बालश्रम निर्मूलन गर्ने कार्यक्रम राष्ट्रिय रुपमा घोषणा भएतापनि त्यस सम्बन्धी कार्यक्रमको प्रभावकारिता राम्रो हुन सकेको छैन । स्मरणीय छ, हाम्रो देशमा १ लाख २७ हजार बालश्रमिकहरु अति जोखिम अवस्थामा काम गर्दछन् । बालश्रमशोषणलाई अन्त्य गर्ने बिषयमा सरकारको पहलमा बनाइएको बालश्रम (निषेधित तथा नियमित) गर्न बनेको ऐनको कार्यान्वयने प्रभावकारी हुन सकेको छैन । फलस्वरुप, यस ६ महिनाको यस अवधिमा ४१८ जना बालश्रमशोषणका घटना प्रकाशित भएको प्रतिवेदनमा उल्लेख छ । यसरी बालश्रममा संलगन यस्ता बालबालिकाले विभिन्न खालका यातना तथा दुर्व्यवहारलाई भोग्न बाध्य भइरहेका छन् ।

बालसहभागितालाई बालअधिकारको अभिन्न अङ्गको रुपमा सम्बर्द्धन गर्नका निम्ति विविध संघसंस्थाहरुले आ–आफ्नो क्षेत्रमा कार्यक्रमहरु संचालन गर्दै आइरहेका छन् । हाल नेपालमा झण्डै १० हजारको हाराहारीमा रहेका बालअधिकार मञ्च, बालक्लब तथा बालसमूहहरुले निरन्तर रुपमा बालअधिकार सम्बन्धी गतिविधिहरु सञ्चालन गर्दै आइरहेका छन् । बालबालिकाले नेतृत्व गरेका बालक्लब/बाल अधिकार मञ्च, बालसमूहहरु आफ्नो विचार राख्न, बालविवाह, बालश्रमशोषण, बालयौन शोषण, मदिरा प्रयोग आदि सामाजिक समस्याहरुका विरुद्ध बालबालिका र वयस्कहरुलाई सचेत बनाउनुका साथै सामाजिक परिवर्तनका लागि यस्ता बालक्लबहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् । यस्ता संस्थाहरु आधिकारिक रुपमा संस्था खोल्न नागरिक र श्रोतको समस्या परेको जानकारी विभिन्न जिल्लाबाट प्राप्त भएको छ । यसक्रममा बालबालिकाको सञ्चारमा पहुँचको स्तर बढ्दै गइरहेको छ भने, बालबालिका आफैले पत्रपत्रिका, भित्तेपत्रिका निकाल्ने क्रम बढ्दै गइरहेको छ । यसका साथै स्थानीय निकायहरुसँग बालबालिकाको समन्वयात्मक कार्यक्रमहरु पनि बढ्दै गइरहेको छ । बालबालिकाका यी समूहहरुले तर यस अभियानमा बालबालिकाले थुप्रै चुनौतीहरुको सामना पनि गर्नु परेको प्रतिवेदनमा उल्लेख छ ।

बाल सरोकार डेक्स

# समुन्नत, समृद्ध, नयाँ नेपाल !

## महिला तथा बालबालिकाको साथमा मात्र सम्भव छ !!!

Plan
Be a part of it.

CWIN

**भाद्र २९ गते मनाइने राष्ट्रिय बालदिवसको अवसरमा हामी समस्त नेपाली बालबालिकाको सुख, समृद्धि र प्रगतिको कामना गर्दछौं ।**

सिविन नेपाल तथा बाल सरोकार परिवार

बालअधिकार सम्बन्धी सम्पूर्ण जानकारीका लागि पाक्षिक रेडियो पत्रिका

# बाल चौतारी

**प्लान नेपाल, रेडियो सगरमाथा र सिविन नेपालको सहकार्यमा**

**आइतबार बेलुकी ६ देखि ६.४५ बजेसम्म**

**रेडियो सगरमाथा एफ.एम १०२ थोप्लो ४ मेगाहर्जमा**

**अवश्य सुन्नुहोस्**

***समाचार***

## सडक बालबालिकामा दुर्व्यवहार बढ्दो

सडक बालबालिकामा, शारीरिक, मानसिक तथा अन्य खालका दुर्व्यवहार बढ्ने गरेको एक अध्ययनले देखाएको छ । उनीहरुमाथि विभिन्नखालका दुर्व्यवहारहरु लगायत यौनशोषण समेत हुने गरेको पाइएको छ । सडक बालबालिकाको मानसिक शारीरिक तथा यौनअवस्थाका बारेमा बालबालिकाको अनुभव बिषयमा बाल आवाज र सिपिसिएस नामक गैरसरकारी संस्थाले गरेको अध्ययनले यस्तो देखाएको हो । उक्त प्रतिवदेनलाई राजधानीमा हालै आयोजना गरिएको एक कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य एवं प्रवक्ता गौरी प्रधानले सार्वजनिक गर्नुभयो ।

प्रतिवेदन सार्वजनिक गर्दै उहाँले भन्नुभयो–“सडक बालबालिकाका बारेमा हाम्रो समाजमा विभिन्न खालका भ्रमहरु विद्यमान रहेका छन्, त्यस्तो भ्रमहरुलाई चिर्नु उत्तिकै जरुरी छ ।” “उनीहरु गरिबीका कारण मात्रै सडकमा आउने गरेको होइनन् । उनीहरुमाथि गरिने भावनात्मक तथा अन्य व्यवहारहरुले समेत बालबालिकालाई सडकमा आउन प्रेरित गरेको छ ।”

काठमाण्डौ उपत्यकामा रहेका सडक बालबालिकाहरुमध्ये १५० जनामा गरिएको उक्त अध्ययन सर्वेक्षणले ९९ प्रतिशत बालबालिका शारीरिक,मानसिक तथा अन्य खालका दुर्व्यवहारको शिकार भएको देखाएको छ ।

अध्ययनका अनुसार ७५ प्रतिशत सडक बालबालिका विभिन्न स्थान र व्यक्तिहरुबाट दुर्व्यवहारको शिकार हुने गरेको बाल आवाजका निर्देशक कृष्ण थापाले बताउनुभयो । आफू दुर्व्यवहारमा परेको कुरा ८६ प्रतिशत बालबालिकालाई थाहा भएको र बाँकीलाई थाहा नभएको अध्ययनले देखाएको छ । बालबालिकालाई यौनदुर्व्यवहार गर्नेहरुमा सडक बालबालिका, प्रहरीदेखि विदेशीसम्म रहेको अध्ययनले देखाएको छ ।

त्यसो त ३० प्रतिशत सडक बालबालिका मात्रै विदेशीहरुबाट दुर्व्यवहारको शिकार हुने गरेको कानुन व्यवसायी रुद्र नेपालले बताउनुभयो ।

सडक बालबालिकाको नाङ्गो तस्वीर खिच्ने, संवेदनशील अंग छुने, छुवाउने, हस्तमैथुन, मुख मैथुन गराउने, चुम्बन गर्ने, कुट्ने,पिट्ने, गाली गर्ने,अपशब्द बोल्ने लगायतका यौन र शारीरिक तथा मानसिक दुर्व्यवहार हुने गरेको उक्त अध्ययनले देखाएको छ

## बालअधिकार सचेतना कार्यक्रम सुरु

काठमाण्डौ बास–काठमाण्डौ उपत्यकाभित्रका सरकारी तथा निजी विद्यालयमा अध्ययरत बालबालिकालाई बालअधिकार, बालदुर्व्यवहार, बाल यौनशोषण, बालश्रमशोषण, मनोसामाजिक विमर्श लगायत बाल हेल्पलाइन १०९८ का बारेमा जानकारी दिने उद्देश्यले सचेनना अभियान सुरु गरिएको छ । काठमाण्डौमा उपत्यकाभित्रका ७ हजार ५ सय जना बालबालिकालाई कक्षा कोठामै श्रव्यचित्रका माध्यमबाट जानकारी गराइने तथा बालअधिकार र बाल हेल्पलाइनसँग सम्बन्धित सचेतना सामग्रीहरुलाई विद्यालयको प्राङ्गणमा टाँस्ने र वितरण गर्ने कार्यक्रम रहेको सिविन हेल्पलाइनका कार्यक्रम अधिकृत भरत अधिकारीले बताउनुभयो ।

## मानव बेचबिखनविरुद्धको दोश्रो राष्ट्रिय दिवस मनाइने

काठमाण्डौ बास– मानव बेचबिखन जस्तो निकृष्ट कार्यका विरुद्धमा सबैजना एकजुट भएर लाग्नुपर्ने आवश्यकता महसुस गरी यही भाद्र २० गते मानव बेचबिखनविरुद्धको दोश्रो राष्ट्रिय दिवस मनाइने भएको छ । “वेश्यावृत्तिको लागि हुने महिला, बालबालिकाको बेचबिखन नियन्त्रण सम्बन्धी सार्क महासन्धि २००२”लाई नेपालले अनुमोदन गरेको दिन अर्थात् भाद्र २० गतेलाई मानव बेचबिखनविरुद्धको राष्ट्रिय दिवसका रुपमा मनाउने निर्णय नेपाल सरकारको मन्त्रीपरिषद्को निर्णयबाट भएको हो । सो दिवसमा राष्ट्रयव्यापी रुपमा देशभर विविध कार्यक्रमको आयोजना गरि मनाइने महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयले जनाएको छ ।

## बाल संरक्षण र बाल सहभागिता बिषयक तालिम

काठमाण्डौ बास– बालअधिकारको क्षेत्रमा क्रियाशील संघसंस्थाहरुका प्रतिनिधिहरुलाई बालअधिकारको अवधारणाका बारेमा छलफल गरी तालिम सहजीकरण गर्न सघाउ पुर्‍याउने हेतुले बालसंरक्षण र बालसहभागिताका बिषयमा तालिम सम्पन्न गरेको छ । कार्यक्रममा काठमाण्डौ उपत्यकामा कार्यरत विभिन्न २१ वटा बालबालिकाका क्षेत्रमा क्रियाशील संघसंस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो । तीन दिनसम्म आयोजना भएको उक्त तालिममा सिविनका अध्यक्ष मावध प्रधानले बाल संरक्षण, बाल सरक्षण नीति,कार्यान्वयनको पक्ष, कार्यकारी संयोजक सुम्निमा तुलाधरले बालबालिका बेचविखन यौन दुर्व्यवहार र बालविवाह, कार्यक्रम संयोजक तारक धितालले बालबालिकामा द्वन्द्वको असर, कार्यक्रम संयोजक, कुमार भट्टराईले बालअधिकाको संरक्षणको सवालमा संघ–संस्थाहरुको भूमिकाको बिषयमा र शुभराज पोखरलले बालश्रम, बालसहभागिताको बिषयमा प्रशिक्षण दिनुभएको थियो । उक्त कार्यक्रम झापा, रौतहट, बारा, अर्घाखाँची, बाँके, कन्चनपुरमा समेत सम्पन्न गरिने सिविनका माधव लोहनीले जानकारी दिनुभयो ।

---


### सिविन-नेपाल र प्लान नेपालको साझेदारीमा प्रकाशित

Plan
Be a part of it.
प्लान नेपाल

CWIN
सिविन–नेपाल

सम्पर्क ठेगाना: पो.ब.नं. ४३७४, रविभवन, काठमाण्डौ । इमेल:cwinpublication@gmail.com

प्रमुख सल्लाहकार : **सुम्निमा तुलाधर**

सल्लाहकारहरु : माधव प्रधान, तारक धिताल,सुवोध श्रेष्ठ, कुमार भट्टराई, रश्मिला शाक्य

विशेष सहयोग : शुभराज पोखरेल, सूर्यनारायण श्रेष्ठ, अञ्जना प्रधान, दीपेन्द्र पण्डित

**सम्पादक: विमलकुमार थापा**